नेपाल दूरसञ्चार प्राधिकरण

प्रेस विज्ञप्ति

यस प्राधिकरणबाट अनुमतिपत्र प्राप्त सेवा प्रदायकहरूले ग्राहकलाई सेवा उपलब्ध गराएवापत लिने महसुल दर दूरसञ्चार ऐन, २०५३ को दफा ४२ बमोजिम प्राधिकरणबाट अनिवार्य रूपमा स्वीकृत गर्नुपर्ने र उक्त स्वीकृत महसुलदरको विवरण सर्वसाधारणको जानकारीका लागि सार्वजनिक रूपमा प्रकाशन गर्नुपर्ने कानूनी व्यवस्था रहेको छ।

पछिल्ला दिनहरुमा केही इन्टरनेट सेवा प्रदायकहरूले प्राधिकरणबाट स्वीकृत भएका महसुलदर तथा प्याकेजहरूको विवरण सार्वजनिक नगरेको, विगतमा उपलब्ध गराउँदै आएका प्याकेजहरू नियामकको स्वीकृति विना परिवर्तन एवं मूल्य वृद्धि समेत गरी उपभोक्तालाई मर्कामा पारेको भन्ने गुनासोहरू प्राधिकरणमा प्राप्त भएकोले यस विषयप्रति प्राधिकरणको गम्भीर ध्यानाकर्षण भएको छ।

उपभोक्ताले स्वेच्छिक रुपमा प्याकेज छनौट गर्न पाउने अधिकार संरक्षण गर्न प्राधिकरणबाट स्वीकृत भएको सम्पूर्ण इन्टरनेट प्याकेजहरू (Bandwidth/Speed र महसुलदर) तथा शर्तहरूको पूर्ण विवरण आ-आफ्नो आधिकारिक वेबसाइट, मोबाइल एप तथा ग्राहक सेवा केन्द्रहरूमा स्पष्ट, पारदर्शी रूपमा प्रकाशित गर्न र सोहि बमोजिम कार्यान्वयन गर्न समेत निर्देश गरिन्छ। प्रचलित कानून तथा अनुमतिपत्रका शर्तहरू विपरीत स्वीकृतदर भन्दा फरक हुने गरी सेवा प्रवाह गरेमा वा प्याकेजको विवरण सार्वजनिक नगरेको पाइएमा दूरसञ्चार ऐन, २०५३ बमोजिम हदैसम्मको कानूनी कारबाही हुने व्यहोरा समेत यसै विज्ञप्ति मार्फत सम्बन्धित सेवा प्रदायकलाई सुचित गराइन्छ।

डा. प्रदिप पौडयाल

सहायक प्रवक्ता

सम्वत् २०८३ असोज २५ गते